आज मिति २०७६।०३।२९ गते आइतबारका दिन बिहान ०८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुब श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाका अठतिसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखेल, नायव सुब्बा, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ , सह लेखापाल, लिखु गाउँ कार्यपालकाको कार्यालय, नुवाकोट

**मिति २०७६ साल असार २९ गते आइतबार बसेको लिखु गाउँ कार्यपालिकाका बैठकको निर्णयहरु**

१. आगामी आर्थिक वर्ष २०७६/२०७७ को लागि विनियोजन विधेयक,२०७६ र आर्थिक वर्ष २०७६/०७७ को लागि राजस्व र व्ययको अनुमान (बजेट) उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित स्वीकृत गरी मिति २०७६ असार ३० गते बस्ने गाउँसभामा पेश गर्ने ।

२.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निर्मित सार्वजनिक संरचनाहरुको मर्मत संभार गर्न वडाको सिफारिशमा कार्यान्वयन गरिएको आयोजनाहरुको प्राविधिक इष्टिमेट तयार पार्न सम्भव नभएकोले दैनिक डोर हाजिरी वडाध्यक्ष र प्राविधिकबाट प्रमाणित गरी बेरोजगारको सूचीबाट काममा खटाइएका कामदारहरुको दैनिक पारिश्रमिक भुक्तानी दिने ।

३. लिखु गाउँपालिकाको नमूना विद्यालय अन्तर्गत सशर्त अनुदानमा ५० प्रतिशतले हुन आउने रकम रु ७५,००,०००।०० (पचहत्तर लाख रुपैया मात्र) निकासा भै सकेकोमा बाँकी ५० प्रतिशतले हुन आउने रकम चालू आ.व.मा नै निकासा दिने तर नापी किताब र कार्यसम्पन्न प्रतिवेदन प्राप्त नहुन्जेल सम्मको लागि विद्यालयको खाता रोक्का राख्ने ।

४. पोष्ट बहादुर बोगटी कृषि मेलामा सहभागी भएका कृषक र तथा कर्मचारीको यातायात, प्रदर्शनी अवधिभर कृषि प्रदर्शनी कक्ष खर्च लगायतका विविध खर्च रु उनान्सय हजार कन्टिन्जेन्सीबाट भुक्तानी दिने ।

५. विपद् व्यवस्थापनको लागि खरीद भएका ग्याबियन तारी जाली प्रति वडा सत्र थानको दरले जम्मा एक शय दुई थान वडा कार्यालयलाई उपलब्ध गराउने र आवश्यकताको आधारमा वडा समितिको निर्णयबाट वडा अध्यक्षले प्राविधिकको सल्लाहमा वितरण गर्ने ।

६. जिल्ला प्रहरी कार्यालय विदुर अन्तर्गत ईलाका प्रहरी कार्यालय ढिकुरे नुवाकोटमा रही लिखु गाउँपालिका अन्तर्गत दिवा तथा रात्री गस्ती तथा शान्तिसुरक्षा कायम गर्ने कार्य गरेको बा.२ भ्रं १२१ नम्बरको महिन्द्रा स्कोरपियो सवारी साधन मर्मत बापत रु दुईलाख अन्यत्रबाट सो भुक्तानी नलिएको घोषणा पत्र प्राप्त भएपछि भुक्तानी दिने । ट्राफिक प्रहरी कार्यालय नुवाकोटलाई सवारी मर्मत बापत रु बीस हजार कन्टिन्जेन्सी बाट उपलब्ध गराउने ।

७. यस गाउँपालिकाको नदीजन्य पदार्थको आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोबस्तको सूचना प्रकाशित भएकोमा सो ठेक्का सम्झौता नभएसम्मको लागि २०७६ श्रावण १ गतदेखि कर्मचारी खटाई कर संकलन गर्ने र सो अतिरिक्त कार्यमा संलग्न भएवापत प्रति कर्मचारी मासिक रु पन्ध्र हजार रुपैया आन्तरिक आयबाट व्यहोर्ने ।

२०७६/३/२९